का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २०७
❒ २६ भदौ २०७८, शनिबार
❒ 11 September 2021, Saturday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।

# अवरोधबीच संशोधित बजेट

## ■ रु. १६ खर्ब ३२ अर्ब ८३ करोडको बजेट, आर्थिक बृद्धिदर सात प्रतिशत



*प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का सांसदहरुले विरोध र नाराबाजी गर्दै तस्बिर: प्रदीपराज वन्त*

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

प्रमुख विपक्षी दल नेकपा एमालेको लगातारको नाराबाजी बीच सरकारले चालु आर्थिक वर्ष २०७८/०७९ का लागि बजेट ल्याएको छ । बैठक शुरु हुनासाथ एमालेका सांसदहरुले रोष्टम घेराऊ गर्दै नाराबाजी शुरु गरेका थिए । सभामुख अग्निप्रसाद सापकोटाले नाराबाजी नगर्न आग्रह गरे । तर एमाले सांसदहरुको नाराबाजी नरोकिए पछि अर्थमन्त्री जनार्दन शर्माले बजेट सम्बन्धी प्रतिस्थापन विधेयक प्रतिनिधिसभामा प्रस्तुत गरे ।

संसदको तेस्रो बैठकमा चालु आव २०७८/७९ को राजस्व र आयव्ययको अनुमानित आयव्यय परिमार्जन सहित प्रस्तुत भएको थियो । एमालेको विरोध र नाराबाजी बीच अर्थमन्त्री शर्माले बजेट सम्बन्धी विधेयकहरु प्रस्तुत गरे । सभामुख सापकोटाले संसद्को बहुमतबाट विधेयकहरु पारित गराए ।

यसपछि १५ मिनेटका लागि बैठक रोकिएको थियो । फेरि पनि एमालेको अवरोध कायमै रहेपछि अर्थमन्त्री शर्माले चालु आवका लागि संशोधित बजेट प्रस्तुत गरे । अर्थमन्त्री शर्माले रु १६ खर्ब ३२ अर्ब ८३ करोडको संशोधित बजेट विनियोजन प्रस्तुत गरे । ओली नेतृत्वको सरकारले अध्यादेशबाट १६ खर्ब ४७ अर्ब ५७ करोडको बजेट ल्याएको थियो । तर संशोधित बजेट भने घटेर आएको छ ।

> सरकारले प्रमुख विपक्षी दल नेकपा एमालेको नाराबाजी बीच चालु आर्थिक वर्ष २०७८/०७९ का लागि संशोधित बजेट ल्याएको छ । अघिल्लो सरकारले अध्यादेशबाट ल्याएको बजेट परिमार्जित गरी बजेट ल्याएको छ ।

चालु खर्च र वित्तीय व्यवस्थापन तर्फको बजेट घटेको छ । सरकारले चालुखर्च तर्फ पाँच अर्ब बजेट कटाएको छ । मन्त्री शर्माले बैठक, भत्ता लगायत चालु खर्च घटाएर कोरोना रोकथामका लागि विनियोजन गरेको बताए ।

तर पुँजीगत खर्च भने बढाइएको छ । ओली सरकारले तीन खर्ब ७४ अर्ब २६ करोड पुँजीगत तर्फ विनियोजन गरेको थियो । तर वर्तमान सरकारले बढाएर तीन खर्ब ७८ अर्ब १० करोड विनियोजन गरेको छ । बाँकी पृष्ठ २ मा

### संशोधित बजेटको आकर्षण

- पाँच अर्ब चालु खर्च कटौती
- कोरोना खोप खरीदमा पाँच अर्ब विनियोजन
- मिर्गौला, क्यान्सर र मेरुदण्ड पक्षाघातका बिरामीलाई मासिक पाँच हजार
- विभिन्न आन्दोलनमा ज्यान गुमाउने परिवारलाई मासिक तीन हजार
- कोरोना प्रभावित न्यून आय भएका परिवारलाई दश हजार अनुदान
- सबै वडामा महिला नेतृत्व संयन्त्र निर्माण
- कृषि बाली तथा पशु बीमाको दायरा विस्तार
- ३०० भन्दा बढी रोजगारी दिने उद्योगलाई विशेष राहत

## ■ मतदाता रिझाउने प्रयास

**समित श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।

अध्यादेशबाट अघिल्लो सरकारले ल्याएको बजेट परिमार्जन गरी सरकारले चालु आर्थिक वर्षका लागि बजेट ल्याएको छ। प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरुको नाराबाजी बीच ल्याइएको बजेटले पनि अघिल्ला सरकारहरुले जस्तै मतदाता रिझाउने प्रयास गरेको छ।

अर्थमन्त्री जनार्दन शर्माले भने जनमुखी बजेट ल्याइएको दावी गरे। मन्त्री शर्माले अध्यादेशबाट ल्याइएको बजेटको चालु खर्च कटाएर कारोना खोप खरीदका लागि विनियोजन गरिएको बताए । संशोधित बजेटले चालुतर्फको खर्च कटाएर पाँच अर्ब बजेट कोरोना विरुद्धको खोप खरीदका लागि विनियोजन गरेको छ ।

> अघिल्ला सरकारहरुले जस्तै संशोधित बजेटले पनि मतदाता रिझाउने प्रयास गरेको छ ।

बैठक भत्ता, इन्धन, मर्मत, कर्मचारी तालिम खर्च, सीप विकास तथा जनचेता तालिम र गोष्ठी सम्बन्धी खर्च, कार्यक्रम खर्च, अनुगमन मूल्याकंन खर्च, भ्रमण खर्च, विविधि कार्यक्रम खर्च शीर्षकमा न्यूनतम १० प्रतिशतका दरले बजेट कटौती गरिएको मन्त्री शर्माले बताए । अध्यादेशबाट ल्याइएको बजेट प्रतिष्थापन गरेर ल्याइएको बजेटमा अरु अरु शीर्षकले पनि मतदाता रिझाउने प्रयास गरेको छ ।

सरकारले मिर्गौला प्रत्यारोपण गरेका, सबै प्रकारका क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार खर्च बापत मासिक रु पाँच हजारका दरले उपलब्ध गराउने व्यवस्था गरेको छ।

राजनीतिक आन्दोलमा बलिदान गर्ने परिवारलाई समेत राहत दिने व्यवस्था गरेको छ। उनीहरुलाई मासिक रु तीन हजार बराबरको मासिक भत्ता उपलब्ध गराइने भएको छ । यस्तै कोरोना प्रभावित न्यून आय भएका तथा असंगठित क्षेत्रमा रहेका काम गर्नेलाई एक पटकका लागि रु १० हजार बराबरको नगद अनुदान दिने व्यवस्था गरिएको छ । रोजगारी र आय आर्जन गुमाएका अनौपचारिक एवं असंगठित क्षेत्रमा रहेका अति विपन्न गरिब पाँच लाख परिवारलाई राहतस्वरूप उक्त अनुदान रकम उपलबध गराइने भएको छ । कृषि तथा पशुजन्य व्यवसायमा रहेको जोखिम न्यूनीकरण गरी यस क्षेत्रमा किसानहरूको आकर्षण वृद्धि गर्न कृषि बाली तथा पशु बीमाको दायरा विस्तार गरेको छ । त्यसमा दिइँदै आएको बीमा प्रिमियम अनुदानमा साविकको ५० प्रतिशतबाट वृद्धि गरी ८० प्रतिशत पुऱ्याइएको छ ।

बेरोजगार युवाको विस्तृत रूपमा एकीकृत अभिलेख तयार गर्ने, श्रम समूह वा श्रम सहकारीमार्फत युवाहरूलाई बाँकी पृष्ठ २ मा

# इजरायलको रोजगार सर्वोच्चको कठघरामा

## शुक्रबारको आदेशपछि परीक्षा रोकिएको दाबी

**रेशमराज पौडेल/मध्यान्ह**
काठमाडौं, २५ भदौ

सर्वोच्च अदालतले इजरायलमा स्वास्थ्य सहायक पठाउने नेपाल सरकारको निर्णयका बारेमा छलफल गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलगायत सरकारी कार्यालयलाई बोलाएको छ । इजरायलसँगका सम्झौता अनुसार मन्त्रालयले वैदेशिक रोजगार विभागमार्फत परीक्षाको तयारी गरेको अवस्थामा सर्वोच्च अदालतले सरकारलाई छलफलका लागि बोलाएको हो ।

सर्लाही नगरपालिका मलंगवा वडा नं. ५ हाल परिवर्तित मलंगवा नगरपालिका वडा नं. ३ बस्ने नुरी मिकरानीले उत्प्रेषण लगायत जो चाहिने आदेश जारी गरी पाउँ भनी बुधबार दायर गरेको रिटमा शुक्रबार न्यायाधीश डा.आनन्द मोहन भट्टराईको एकल इजलासमा दुई घण्टाभन्दा लामो बहसपछि निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्दै विपक्षीहरूलाई १५ दिनको म्याद दिएर छलफल गर्ने आदेश भएको निवेदकका कानून व्यवसायी अधिवक्ता सुरेश कुमार कार्कीले मध्यान्हलाई बताए । कार्कीले सर्वोच्चको आदेशले विभागले सञ्चालन गर्ने परीक्षासमेत रोकिने दाबी गरे ।

इजरायल रोजगारीका लागि एक हजार कामदारको माग गरिएको छ । जसमा अनलाइनमार्फत नौ हजार ६ सय ९९ ले आवेदन दिएमकोमा ७ हजारको आवेदन स्वीकृत भएको छ । रिटमा नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभागलाई विपक्षी बनाइएको छ । रिटमा सरकारले फ्रि भिसा फ्रि टिकटको निर्णय कार्यान्वयनमा ल्याएपनि नेपाल सरकार र इजरायली सरकारबीच २०७७ असोज १४ गते भएको श्रम सम्झौता तथा ईम्प्लिमेशन प्रोटोकलमा इजरायलका दीर्घकालीन स्याहार केन्द्रका लागि साउन १२ गतेको राष्ट्रिय दैनिक गोरखापत्रमा योग्यता तोकेर संयन्त्रमार्फत भर्ना प्रक्रिया गरिने व्यवस्था संविधान र कानून विपरीत रहेको उल्लेख छ ।

**वैदेशिक रोजगार विशेष**

रिटमा लागत खर्च भने कामदारले नै व्यहोर्नुपर्ने, भिसा शुल्कमात्रै सम्बन्धित रोजगारदाताले व्यहोर्ने, हवाई भाडा, बीमा, स्वास्थ्य परीक्षण, कल्याणकारी कोषको रकम, श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोर्ने उल्लेख भएकोमा सोही बमोजिम र नव्यहोर्ने अवस्थामा सम्बन्धित व्यक्तिले व्यहोर्नुपर्ने निर्देशिकामा उल्लेख हुनु श्रम मन्त्रालयले २०७२ जेठ २६ मा भएको 'फ्रि भिसा, फ्रि टिकट' विपरीत रहेको दाबी छ ।

कामदार विदेश पठाउन 'श्रमिकको शून्य लागत' को नीति लिएकै कारण मलेसियासहित खाडीका साउदी, कतार, दुबई, ओमान, कुवेतलगायतका देश जाने श्रमिकलाई म्यानपावर कम्पनीले १० हजार रुपैयाँभन्दा बढी सेवा शुल्क लिन नपाउने र रोजगारदाताले 'फ्रि भिसा फ्रि टिकट' नदिए श्रमिकलाई रोजगारीमा नपठाउने व्यवस्था रहेकोमा सरकारले प्रमुख श्रम गन्तव्य मुलुकमा श्रम समझदारी गर्दा शून्य लागतलाई 'बटमलाइन' बनाउने गरेको स्मरण गराउँदै रिटमा त्यसकै आधारमा मलेसिया र दुबईसँग श्रम समझदारी पनि भएको तर सरकारले आफैंले भने इजरायल जाने कामदारले टिकट, भिसा, मेडिकल, बीमा, ओरियन्टेसन शुल्क लगायतका खर्च आफैंले व्यहोर्नुपर्ने गरी निर्देशिका जारी गर्नु उचित नभएको उल्लेख छ ।

त्यस्तै रिटमा इजरायलसँगको सम्झौतामा खुला बजार अर्थनीति स्वीकारेको मुलुकले विदेशमा श्रमिक आपूर्ति गर्ने प्रक्रियामा सरकारले नियामक र सहजकर्ताको भूमिका खेल्नुपर्ने, आफैं आपूर्तिमा संलग्न हुन नहुने तथा भिसा, टिकटसहित सबै खर्च श्रमिकलाई नै बोकाउनु पनि गलत भएको भन्दै रिटमा 'रोजगारदाताले नै श्रमिक आपूर्तिको सबै खर्च व्यहोर्ने मोडल संसारभर प्रचलनमा आइसकेको अवस्थामा नेपालले श्रमिकमाथि नै ऋणको भार पार्ने हिसावले श्रम सम्झौता गर्नु कुनै दृष्टिले पनि जायज नभएको जिकिर गरिएको छ ।

'नेपाल सरकारले श्रमिक आपूर्ति खर्च इजरायल सरकार वा त्यहाँका रोजगारदाताले नै व्यहोर्नुपर्ने व्यवस्थाका लागि अडान लिनुपर्ने हो, निजी क्षेत्रलाई श्रमिकसँग एक रुपैयाँ नउठाऊ भन्ने सरकारले आफैंले श्रमिक पठाउँदा एक लाखभन्दा बढी शुल्क उठाउनु सही हुन सक्दैन,' रिटमा भनिएको छ, 'यस्तो श्रम सन्झौताले शून्य लागतमा श्रमिकलाई विदेश पठाउनका लागि बाँकी पृष्ठ २ मा

# फेरि कार्यतालिका संशोधन

## सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशन कार्यतालिका फेरि पनि संशोधन भएको छ ।

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २५ भदौ ।



पटक-पटक संशोधन हुँदै र सर्दै आएको सत्तारुढ दल नेपाली काँग्रेसको १४औं महाधिवेशन कार्यतालिका फेरि संशोधन भएको छ । १८ भदौ देखि शुरु भएको वडा अधिवेशन समयमा सम्पन्न हुन नसकेपछि फेरि महाधिवेशन कार्यतालिका संशोधन भएको छ ।

आगामी मंसिर ९-१३ मा हुने महाधिवेशन कार्यतालिका अनुसार २७ भदौमा स्थानीय तहको अधिवेशन हुनुपर्ने थियो । तर शुक्रबारसम्म ५७ जिल्लामा मात्रै वडा अधिवेशन भएपछि महाधिवेशन कार्यतालिका संशोधन गरिएको हो । ७७ मध्ये २० जिल्लाको क्रियाशील सदस्यता नामावली समेत टुंगिएको छैन । क्रियाशील सदस्यता नटुंगिए पछि नामावली निर्वाचन समितिलाई नदिइएको समिति संयोजक महादेवप्रसाद यादवले बताए । अर्थात् लामो समय देखि कायम क्रियाशील सदस्यता विवरण नटुंगिएकाले वडा अधिवेशन निर्धारित समयमा हुन सकेन ।

संशोधित कार्यतालिकाअनुसार अधिवेशन प्रारम्भ हुन बाँकी २० जिल्लामा गाउँ/नगर वडा अधिवेशन आगामी असोज ५ गते तोकिएको छ। त्यस्तै गाउँ/नगरपालिका अधिवेशन असोज ९ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन असोज १२ गते र प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते निर्धारण गरिएको यादवले बताए । एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १८ गते तोकिएको छ ।

प्रदेश र केन्द्रको अधिवेशनको मिति भने यथावत छ । कांग्रेसले यस अघि नै प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरिसकेको छ । काँग्रेसले १४औं महाधिवेशन १८ भदौबाट शुरु भएको जानकारी निर्वाचन आयोगलाई दिएको छ ।

काँग्रेसले २३ भदौमा महाधिवेशन सकिसक्नुपर्ने संवैधानिक व्यवस्था छ । तर संविधानले गरेको साढे पाँच वर्षभित्र महाधिवेशन गरिसक्नुपर्ने व्यवस्था पालना गरेन । काँग्रेसले कोरोना महामारीका कारण चार महिनाको शून्य समय पाउने दावी गरेको छ भने १८ भदौमा वडा अधिवेशन शुरु भएकाले पनि वैधानिकता नगुम्ने बताउने गरेको छ ।

# ऋषिपञ्चमी पर्व मनाइँदै



**काठमाडौं/मस–** ऋषिपञ्चमी पर्व आज सप्तर्षिको पूजा गरी हिन्दू धर्मावलम्बी नारीले मनाउँदैछन्। भाद्र शुक्ल पञ्चमीका दिनमा मनाइने यो पर्वमा बिहानै उठेर नारीहरु नजिकको नदी, खोला, ताल, तलैया र पोखरीमा गई ३ सय ६५ दतिवनले दाँत माझ्ने, गाईको गोबर, माटो र खरानी लगाई स्नान गर्छन्।

रजस्वलाका समयमा छाइछुइ लगायत कुनै त्रुटि भएको भए आज ऋषिपञ्चमीको दिन अरुन्धतीसहित सप्तर्षिको पूजा गर्नाले त्यसबाट मुक्ति पाइने धार्मिक विश्वास छ। आजको दिन दतिवन, गाईको गोबर, माटो र खरानी प्रयोग गरी स्नान गरेर पञ्चगव्य सेवन गर्नाले छुवाछूतको दोष निवारण हुन्छ भन्ने मान्यता छ।

स्नानपछि दियो, कलश, गणेश स्थापना गरी अरुन्धतीसहित अत्रि, गौतम, भारद्वाज, जमदग्नि, वशिष्ठ, कश्यप र विश्वामित्रको पूजा गर्ने गरिन्छ जसलाई ऋषि पञ्चमीको पूजा लगाउने भनिन्छ।

सप्तर्षिको पूजा गर्ने पञ्चमी भएकैले आजको दिनलाई 'ऋषिपञ्चमी' भन्ने गरिएको हो। ऋषि पञ्चमीको अवसरमा काठमाडौंको टेकुस्थित ऋषेश्वर मन्दिरमा विशेष मेला लागेको छ।ऋषेश्वर महादेव पञ्चमीमा खुला रहने

काठमाडौंको टेकुस्थित ऋषेश्वर महादेव मन्दिर आज खुला हुने भएको छ। सप्तऋषिको पूजा आराधना गर्न आउने भक्तजनको आग्रहअनुसार मन्दिर खुला गर्न लागिएको हो। प्रत्येक वर्ष भाद्र शुक्ल पञ्चमीका दिन खुला गरिने उक्त मन्दिर विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ महामारीका कारण गत वर्ष बन्द गरिएको थियो। दर्शनका लागि स्वास्थ्य मापदण्ड र सामाजिक दूरी कायम गरेर भीड कम हुने गरी व्यवस्था मिलाइएको काठमाडौं महानगरपालिका-१२ का वडाध्यक्ष विकास डङ्गोलले बताए।

हरितालिका तीजमा व्रत बसेका महिलाले विशेषगरी पञ्चमीका दिन विधिपूर्वक स्नान गरी शुद्ध भएर सप्तऋषिको पूजा गर्ने गर्छन्। सप्तऋषिमा कश्यप, अत्रि, भारद्वाज, गौतम, यमदग्नि, वशिष्ठ र विश्वामित्र पर्छन्। दर्शनार्थीको सहजताका लागि भीड व्यवस्थापन तथा भक्तजनलाई स्वास्थ्य समस्या परेमा सहयोग गर्न नगरपालिकाका कर्मचारी खटाइनाका साथै एम्बुलेन्स व्यवस्थापन गरिने छ। भीड हुन नदिनका लागि कुनै पनि संघसंस्थाको प्रतिनिधिलाई स्वयंसेवक राखिने छैन। मन्दिर तथा त्यस वरपर क्षेत्रमा सफाइ गरिएको छ।

# प्याब्सन सैनामैनाको अध्यक्षमा धर्मराज घिमिरे सर्वसम्मत

**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, २५ भदौ



प्याब्सन सैनामैनाको अध्यक्षमा धर्मराज घिमिरे सर्वसम्मत रुपमा चयन भएका छन्। घिमिरे बुद्ध इङलिस स्कुलका प्राचार्य हुन्। प्याब्सन सैनामैनाको शुक्रबार सम्पन्न तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनले नयाँ नेतृत्व चयन गरेको हो। जसको सचिवमा टोपलाल भट्टराई, कोषाध्यक्षमा सागर केसी र सदस्यहरुमा सुशिला शर्मा र मेघराज अर्याल रहेका छन्।

तेस्रो साधारणसभा तथा दोस्रो अधिवेशनको पहिलो सत्रमा बोल्दै कार्यक्रमका प्रमुख अतिथि प्याब्सन रुपन्देहीका अध्यक्ष लेखनाथ पौडेलले सरकारले सामुदायिक र संस्थागत विद्यालयको बीचमा असमान नीतिहरु अबलम्बन गरेको भन्दै आलोचना गरे।

त्यस्तै उनले कोरोना भाइरससँगै लकडाउनका कारण चपेटामा परेका विद्यालयहरुलाइ सहगताका साथ सरकार र संगठनको निर्देशन अनुसार अगाडी बढ्न आग्रह गरे। कार्यक्रममा प्याब्सन लुम्बिनी प्रदेश सदस्य कृष्ण प्रसाद शर्मा, प्याब्सन रुपन्देहीका बरिष्ट उपाध्यक्ष अनन्तराम शर्मा, प्याब्सन रुपन्देही उपाध्यक्ष एकनारायण काफ्ले,
रुपन्देही सचिव लक्ष्मण ज्ञवाली र सैनामैना अभिभावक संघ अध्यक्ष बिष्णु पाण्डेले शुभकामना मन्तब्य राखेका थिए।

कार्यक्रम प्याब्सन सैनामैनाका अध्यक्ष भिजराज पौडेलको अध्यक्षता, प्याब्सन रुपन्देही जिल्ला अध्यक्ष लेखनाथ पौडेलको प्रमुख आतिथ्यतामा भएको हो।

कार्यक्रम प्याब्सन सैनामैनाका कोषाध्यक्ष टोपलाल भट्टराइको स्वागत तथा सचिव धर्मराज घिमिरेको सञ्चालनमा सम्पन्न भएको हो।

## अवरोधबीच...

वित्तीय व्यवस्थापन तर्फ ओली सरकारले दुई खर्ब सात अर्ब ९७ करोड विनियोजन गरेको थियो भने वर्तमान सरकारले एक अर्ब ८९ अर्ब ४४ करोड विनियोजन गरेको छ।

## मतदाता....

सङ्गठित गरी व्यावसायिक दक्षता अभिवृद्धि गर्न तालिम उपलब्ध गराइने भएको छ। श्रम समूह वा श्रम सहकारीहरूले सार्वजनिक निर्माण क्षेत्रमा रु १० करोडसम्मको लागतको आयोजनामा आपसी प्रतिस्पर्धामार्फत सहभागी गराउन कानूनी प्रबन्ध गरिएको छ।

## इजरायलको ...

निजी क्षेत्रलाई दबाब दिन सरकारलाई सुहाउँदैन। सरकारले गर्दा सबै ठीक, अरुले गर्दा सबै गलत भन्ने हुँदैन, विश्वभर नै श्रमिकको माग गर्नेले आपूर्ति प्रक्रियामा सबै खर्च व्यहोर्ने थिती बस्दै गर्दा सरकार आफैंले पैसा उठाउँदै श्रमिक विदेश पठाउनु अन्तर्राष्ट्रिय श्रम संगठन र त्यसमा नेपालले हस्ताक्षर गरेका सन्धि र अभिसन्धिको मान्यता विपरीत पनि हुन्छ।'

त्यस्तै रिटमा संविधान र कानूनमा कुनैपनि नागरिक रोजगारबाट बञ्चित हुनु हुँदैन र उनीहरुले विदेशमा गएर रोजगार गर्ने गरी राज्यले व्यवस्था गरी पठाउन पाउने गरी कुनै निकाय गठन नगरेको, आफ्नो नागरिकलाई विदेशमा गएर अनुचित श्रमिकको रुपमा पठाउने गरी कुनै काम गर्न गराउने गरी वैदेशिक रोजगारमा पठाउन संविधान र कानूनले कुनै पनि निकायलाई यो अधिकार प्रदान नगरेको पनि दाबी छ।

नेपालको संविधान जारी भई नेपाली नागरिकले प्राप्त गरेको रोजगार सम्बन्धी संवैधानिक र कानूनी अधिकारको प्रतिकूल रहेको त्यसअघि निर्मित वैदेशिक रोजगार ऐन २०६४ र सो अन्तर्गत बनेको नियमावली २०६४ को नियम ५२ क को उपनियम (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले इजराररयलमा नेपाली सहयोगी कामदार पठाउने सम्बन्धी निर्देशिका २०७८ बनाएको हुँदा उक्त निर्देशिका प्रारम्भदेखि नै उल्लेखित संवैधानिक र कानूनी व्यवस्थाको प्रतिकूल रहेको रिटमा उल्लेख छ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा १५ बमोजिम प्रस्तावित वैदेशिक रोजगार कामदारको मर्यादा, प्रतिष्ठा वा स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमको देखिएमा र कामदारको सुरक्षा, व्यवसायजन्य सुरक्षा र स्वास्थ्यको दृष्टिले अनुपयुक्त देखिएमा वैदेशिक रोजगारीमा पठाउन नमिल्ने भएपनि हाल विश्वभरी कोरोना संक्रमणको जोखिम बढी रहेको अवस्थामा विभागले इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा सहायक कामदारका रुपमा काम गर्न पठाउनु उचित नहुने पनि दाबी छ।

स्याहार केन्द्रमा सहायक कामदारका रुपमा के कस्तो काम गर्नु पर्ने छ भन्ने कुरा कतैपनि उल्लेख नभएको भन्दै रिटमा वैदेशिक रोजगारका लागि म्यानपावर कम्पनीहरुले जस्तो सरकारले नेपाली नागरिकलाई पठाउँदा उक्त स्याहार केन्द्रले के कस्तो काम गर्दछ भन्ने कुरा कतैपनि नखुलाएर लुकाएर राखेको दाबी छ।

विभिन्न स्रोतहरुबाट प्राप्त जानकारी अनुसार भन्दै रिटमा अपाङ्ग, अशक्त, मानसिक बिरामी र वृद्धवृद्धाको हेरबिचार गर्नु नै स्याहार केन्द्रको मुख्य काम भनिएको र त्यसलाई नेपालीको स्वाभिमान विपरीत भनिएको छ।

अमेरिकाको न्यूयोर्कस्थित सिटी युनिभर्सिटीमा पिएचडी अध्ययनरत अविगल एफ कोलकेरले भनेअनुसार इजरायलमा रहेका कामदारहरुमध्ये सबैभन्दा असुरक्षित कामदारको दर्जामा आप्रवासी केयरगिभरहरु कामदारहरु पर्दछन् भन्दै रिटमा इजरायलमा केयर गिभरहरुले अति कम सुरक्षा प्राप्त गरेका र उनीहरुको स्वतन्त्रतामा पनि उत्ति नै बन्देज लगाइएको दाबी लिइएको छ। शुक्रबारको बहसमा पूर्व महान्यायाधिवक्ता महादेव यादवले पनि निवेदकका तर्फबाट बहस गरेका थिए।


**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६९/०१/१२ मा दर्ता भएको **प्रा.लि. नं. ९९६३३ को खापड औवर ग्यास कम्पनी प्रा.लि.**को मिति २०७८/०५/२५ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८५,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**



**Bahrain मा रोजगार | Company: ALHAWANIM SECRETS TAILORING City: BAHRAIN**

पूर्व स्वीकृत मिति: २०७८/०१/०२ चलानी नं.: ६०१५७३०६ LT. No.: 239043 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 0 | 3 | स. काममा दक्ष | 250 | ७७,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज २ गते (18 Sept. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**आइ.एम.एस. म्यानपावर प्रा. लि.**
Govt. Lic. No. 443/060/061
पो.ब.नं. ८९७३, एनपिसि ७१८, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ४४६४७७०, फ्याक्स: ४४६५०४९
Email: info@imsmanpower.com
imsmanpower@yahoo.com, imsmanpower2@gmail.com, Web: www.imsmanpower.com.np



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६३/०२/०२ मा दर्ता भएको **प्रा.लि. नं. ३९७७ को एब्रोड ट्राभल्स एण्ड टुर्स प्रा.लि.**को मिति २०७८/०५/२५ मा सम्पन्न एकल शेयरधनीको विशेष बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८५,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**



**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०५९/०४/०९ मा दर्ता भएको **प्रा.लि. नं. १९४५४ को एब्रोड रिक्रुटमेन्ट कम्पनी प्रा.लि.**को मिति २०७८/०५/२५ मा सम्पन्न विशेष साधारणसभाको बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटर: शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८५,**
**ठेगाना : बबरमहल, काठमाडौं, फोन नं. ९८४१३४०४०३**
**ईमेल : rokayasherbahadur723@gmail.com**



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६८/१२/२० मा दर्ता भएको **प्रा.लि. नं. ९२०७६ को दि ग्रीन स्वाफे एण्ड पार्टी मेन्यू प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०५/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।



**कतारमा रोजगारको अवसर | १. कम्पनी: ALFA COSMO TRADING शहर: QATAR**

पुर्व स्वीकृत मिति: २०७८/०५/०१ चलानी नं.: ६०१६१५४१ LT. No.: 243969 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2200 | ७०,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1300 | ४१,८७३ | | | | | | | |

२. कम्पनी: TEAM ENERGY CONTRACTING शहर: QATAR
पुर्व स्वीकृत मिति: २०७८/०५/१३ चलानी नं.: ६०१६२१२० LT. No.: 244657 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 15 | 0 | स. काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: Gulf Energy Technology & Projects शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०३/२३ चलानी नं.: ६०१५९८४४ LT. No.: 242099 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1900 | ६१,१९९ | | | | | | | |

४. कम्पनी: AL SALEH PLUMBING MATERIALS शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७८/०५/२५ चलानी नं.: ६०१६२७४४ LT. No.: 245447

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | स. काममा दक्ष | 2200 | ७०,८६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी: BAHADIR CONSTRUCTION ENGINEERING CONTRACTING TRADING शहर: DOHA
पुर्व स्वीकृत मिति: २०७८/०५/२५ चलानी नं.: ६०१६२७४५ LT. No.: 245446

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 249 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २ गते (18 Sept. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
श्रम इजाजत नं. १४६९/०७४/०७५
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



**कतारमा रोजगारको अवसर | १. कम्पनी : QD-CPC INDUSTRIES शहर : Doha**

पूर्व स्वीकृत मिति: २०७८/०५/२५ चलानी नं.: ६०१६२७५० L.T. No.: 245177

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 90 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Blacksmith | 10 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |

२. कम्पनी : SALTOS, TRAD, & CONTG. WLL शहर : Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/२५ चलानी नं.: ६०१६२७४९ L.T. No.: 245176

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 11 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 5 | 0 | | 1100 | ३५,४३१ | | | | | | | |

३. कम्पनी : ARABIAN AIRCONDITIONING CONTRACTING शहर : Doha
पूर्व स्वीकृत मिति: २०७८/०५/२५ चलानी नं.: ६०१६२७५१ L.T. No.: 245175

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Air Condition tech | 10 | 0 | स. काममा दक्ष | 1100 | ३५,४३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २ गते (18 September 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Govt Lic No. 469/060/061, Kalopul- 07, Kathmandu, Nepal., Tel: 4583566, 4581670



**कतारमा रोजगार | १. कम्पनी: United Capital Trading & General Contracting शहर: DOHA**

पूर्व स्वीकृत मिति: २०७७/१२/०६ चलानी नं.: ६०१५५८७१ L.T. No.: 237562 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 10 | 0 | स. काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: SIXTEQ TRADING AND CONTRACTING शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०२/२४ चलानी नं.: ६०१५८५९२ L.T. No.: 240902 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 7 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: KHALIFA STEEL FACTORY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/०१ चलानी नं.: ६०१६१५३६ L.T. No.: 243934 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 35 | 0 | स. काममा दक्ष | 1000 | ३२,२१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: ATTIKAT WLL शहर: QATAR
पूर्व स्वीकृत मिति: २०७८/०४/०४ चलानी नं.: ६०१६०३३० L.T. No. 242616 पून:बिज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician of roads | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ५७,९७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Surveyor | 2 | 0 | | 3000 | ९६,६३० | | | | | | | |
| 3. | Machine operator | 21 | 0 | | 2000 | ६४,४२० | | | | | | | |
| 4. | Labourer | 10 | 0 | | 1000 | ३२,२१० | | | | | | | |
| 5. | Driver | 10 | 0 | | 1900 | ६१,१९९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज २ गते (18 Sept. 2021) मा हुनेछ।**

५. कम्पनी: LOVELY BAKERY शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/०५/२५ चलानी नं.: ६०१६२७४७ L.T. No.: 245475

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Baker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६५२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packing Worker | 1 | 0 | | 1000 | ३२,२१० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा असोज १ देखि ३ गते सम्म (17 to 19 Sept. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
सामाखुसी-२९, काठमाडौं, श्रम ईजाजत नं. : १०३४/०७२/०७३
(रोयल वर्कफोर्स रिक्रुटिङ्ग कम्पनी प्रा.लि.)
Tel: 4385294, 4385295, 9801255512, Email: info.royal1034@gmail.com

# राज्यले नचिनेका डा. धर्मराज विश्वको दशौँ स्थानमा

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २५ भदौ



काठमाडौं बागबजारस्थित मध्यान्हको कार्यालयबाट जाँदा सिफलको उकालो सकेपछि देब्रेपट्टी एउटा रातो घर देखिन्छ । रातो घरको गेटबाट भित्र छिरेपछि एकतल्ला उक्लिदै गर्दा भ¥याङबाटै सुरु हुन्छ प्रमाणपत्र देखिन । तपाईलाई अचम्म लाग्नसक्छ होला ?, लस्करै कतैपनि खालि ठाउँ नराखिकन मिलाएर राखिएको ठूलोको लहर, सानोको लहर, रंगीविरंगीका प्रमाणपत्र, कतै म प्रमाणपत्रको दोकानमा त पुगिन ?

ढोकाबाट भित्र छिरेपछि ठूलो हल भित्र कुनै प्रमाणपत्रको अफिस जस्तो देखिन्छ, । तर यो अफिस होइन । भित्ताको चारैतिर चिटिक्क मिलाएर झुण्डाइएका मनमोहक प्रमाणपत्रहरु । तपाईलाई लाग्नसक्छ यो बिक्रिका लागी राखिएका होला ?, तर होइन । डाक्टर डि.आरको छुट्टै अफिस टेबुलसहितको कुर्सी, एकापट्टी छेउमा लामो अफिस टेबुल, टेबुलका बीच भागमा लस्करै मिनिरल वाटरका बोतलहरसँगै टिस्यु पेपर, दायाँबायाँ पाहुनाका लागि छुट्टाछुट्टै कुर्सीहरु, कुर्सीकै पछाडी एउटा रेफ्रीरेजेटर, एकापट्टी छेउमा पाहुनाकै लागि सोफाहरु, तपाईलाइ फेरिपनि लाग्नसक्छ, यो कतै प्रमाणपत्र प्रदर्शनी गर्ने ठाउँ त होइन ?, कुरा त्यस्तो होइन । यो डाक्टर डि.आर उपाध्यायले विश्वमा कसैले नगरेका काम गरेर पाएका विश्व किर्तिमानी रेकर्डहरु (प्रमाणपत्र) हुन, र यो उनको निजी घर हो ।

सानै देखि अलि चञ्चल स्वभावका उनी सालिन र भद्र थिए । उनी वीरगञ्जमा पिता शिव शंकर प्रसाद उपाध्याय र माता उमादेवी खनालका कान्छा सुपुत्रको रूपमा सन् १९६२ मा जन्मिए । उपाध्यायको वास्तविक नाम धर्मराज उपाध्याय हो । बाल्यकाल आफ्ना मातापितासँगै रहेर वीरगञ्जमै बिताए । २० वर्षको कलिलै उमेरमा बुबा गुमाएपछि आमाको सहारामा मात्र हुर्केका उनी थुप्रै अभावमा बाँचे । १४ वटा भैँसीका मालिक उनका परिवार घरव्यवहारका थुप्रै काम गर्नुपथ्र्यो । सानै देखि व्यापारीक परिवेशमा हुर्केका उनी घरबाट पकेट खर्च नदिएको बेला दुधमा पानी समेत मिसाएर बेच्न भ्याउँथे । ८ कक्षा पढ्दैगर्दा एकजना महिलाले उनलाई असाध्यै मनपराउँदी रहिछन् । उनी पछिल्लो बेन्चबाट केराउले हानिरहन्थिन् । पछि पो थाहाभयो । उपाध्यायलाई उनले मायाँ गर्दी रहेछिन् । उनलाई मायाँ गर्ने ७, ८ जना रहेछन् । तर महिला पक्षको एकोहारो प्रेम टिक्नसकेन । उपाध्याय भन्छन्, 'पैसा राम्रै कमाउँथे । त्यसैले मनपराए तर मेरो मायाँमा रमाउने उमेर थिएन । उनले गाउँकै त्रि-जुद्ध व्यावसायिक माविबाट २०३५ सालमा एसएलसी तह उत्तीर्ण गरेपछि उच्च शिक्षाका लागि काठमाडौं हानिए ।

अब्बल विद्यार्थीका कारण सरकारबाट २ सय रुपैयाँ छात्रवृद्धि पाएका उनी काठमाडौंको यट्खा टोलमा बस्थे । १ सय रुपैयाँ कोठाभाडा तिरेर १ सयका दाल चामल खान पु¥याउँथे । ५० पैसाको चिया र ३० पैसाको केकले दिनभरी जीवन चलाएका उनी कहिलेकाहि १ रुपैयाँ जोगाएर कृष्ण पाउरोटीको दुनोट पनि खान्थे । २० पैसा साझा बसको भाडा तिर्न नसकेर उनी हिँडेरै शहर घुम्थे ।

पढाइकै सिलसिलामा व्यापार पनि गरे । भारतबाट कान्ता साबुन, लुगा धुने डल्लो साबुन, मिश्री ल्याएर गाउँकै बजारमा बेचे । त्यतिले मात्र पुगेन कलकत्ता पुगेर पुराना कपडा किनेर धुलाएर हङकङको ट्याग लगाएर पनि बेचे । आखिर जिन्दगीमा केहि हात नलागेपछि रिएलस्टेट तिर लागे । पछिल्लो पटक पढाई छोडिसकेका उनले यो स्थान सम्मको यात्रा तय गर्ने सोच पनि नभएको बताउँछन् ।

तर जिन्दगीमा यस्तो मोड आयो जुन मोडले जिन्दगी बदलियो । जुन मोडमा हौसलाको पात्र बनेकी थिइन् । उपाध्यायको भाषामा भन्नुपर्दा हाफ लबर जो ७, ८ जना मध्यकी एक थिइन् । 'जिन्दगी यात्रा हो । यो निरन्तर चलिरहन्छ तर जसरी हुन्छ खुसियालिका साथ बिताउनुपर्छ' उपाध्याय भन्छन् ।

महिलाका बारेमा लेखन रुचाउने उनी प्राय: महिला सम्बन्धि नै खोज अनुसन्धान गर्ने गरेका छन् । उनले 'वेश्यावृत्ति समस्या एवं समाधान' विषयमा बिएन एण्ड एमयु युनिभर्सिटीबाट विद्यावारिधि गरे भने सम्बन्ध र पारिवारिक कलह (रिलेसन एन्ड फ्यामिली क्रयास) विषयमा पनि स्वामी विवेकानन्द विश्वविद्यालय भारतबाट विद्यावारिधि सकिन लागेको बताए । विद्यावारिधिकै क्रममा विश्वका धेरै वेश्यालय, कोठी घुमेर यौनकर्मी महिलाहरुसँग साक्षात्कार गरेका छन् ।

कलकत्ताको सोनागाछी वेश्यालय, बम्बैको एल्लोकोठी, सिङ्गापुर सहरको वेश्यालय, वासिङ्टन डिसीको वासिङ्गभर्जिनाको वेश्यालय लगायतका वेश्यालय घुमेका उनी सोनागाछी भन्दा ठूलो वेश्यालय कतै नदेखेको बताउँछन् । त्यहाँ १० हजार भन्दा बढी महिला देहब्यापार गर्छन् । नेपालको सन्दर्भमा बलात्कार जस्तो जघन्य अपराध बढ्दै गएकोले एउटा वेश्यालय खोल्नुपर्ने सुझाव दिन्छन् । बलात्कारीलाई नपुंसकको इन्जेक्सन वा फाँसी दिनुपर्ने उनी बताउँछन् ।

सानैदेखि गीत संगीत र कविता लेखनमा रुचि राखेका उनले कविता तथा गीतहरू लेखेर परिवारका सदस्य र साथीसंगीलाई देखाउने सुनाउने गर्थे । सबै साथीहरु र आफन्तबाट प्रशंसा र हौसला पाएपछि उनी फुरुङ्ग हुन्थे । उनको मनमा अझ उत्साह भरिन्थ्यो । चर्चा पाउने चाहना सबैको हुन्छ । उनी भन्छन्, 'रुचि, खुबी र लगनशीलताबाट यी सिँढीहरूमा धकेल्यो । उक्लिन सकिन्छ सकिन्न । त्यो पछिको कुरा हो तर प्रयास निरन्तर चाहिन्छ र गरिरहे ।'

१७ वर्षको उमेरदेखि सुरु भएको उनको लेखनीले चार दशक पार गरिसकेको छ । निरन्तर लेखिरहेका उनको ११ वटा उपन्यास प्रकाशित छन् 'सपनाकी रान' २०७६ भदौमा र 'कफी लभ' २०७७ सालमा प्रकाशित उनका पछिल्ला उपन्यासहरू हुन् ।२०७६ सालमा अपवित्र छायाँ, अतिरिक्त, भाग्यचक्र, दगाबाज, त्यागी, बिटुली, बज्राघात र स्वार्थी गरी आठवटा उपन्यासको एउटै संग्रह प्रकाशित प्रकाशित छन् । शायद यो उपन्यास संग्रह नेपाली साहित्यमा एउटा नविन प्रयोग हुनसक्छ । ६६५ पृष्ठको यस संग्रहको आयतन जति ठूलो छ । यसले उपाध्यायको उचाइ पनि त्यति नै उच्च बनाएको छ । यसपछि पनि उनको 'अधुरो प्रेम' शीर्षकको उपन्यास प्रकाशित भएका छन् ।

उनी संगीतका त्रिवेणी पनी हुन गीतकार, संगीतकार र गायक, उनका एल्बमहरूमा प्रणय, सहेली, नशालु नजर, जखम, प्रतिनाद, अन्तराप, जोहो, माउण्टेल मेलोडी कृति, परिष्कृत, पृथक, सेभेन्थ कर्डस, स्वर्ग घर, अनुभूतिको मझेरी, अञ्जान तिर्खा र प्रताडना प्रमुख हुन् । नेपाली साहित्यमा एक दुईवटा पुस्तक प्रकाशित गरेर वा दुई-चारवटा गीत लेखेर निकै ठूलो स्वरमा हल्ला गर्नेहरूको जमात ठूलै छ तर उनमा यस प्रकारको चरित्र पाइँदैन । आफ्नो काम अनवरत रूपमा गरिरहेका उनी मैले यति गरेँ र उति गरेँ भन्ने खालको अहमताभने उनमा पटकै छैन ।

व्यवसायीको पहिचानसमेत बनाएका उपाध्यायले जगदम्बा इन्टरनेसनल प्रालिको संस्थापक प्रबन्ध निर्देशक, पशुपति क्षेत्र विकास कोषको पूर्वसञ्चालक, व्यापार प्रबर्द्धन केन्द्रको पूर्वसञ्चालक, पूरा समाचार डट कमको प्रधानसम्पादक समेत हुन । आजिवन सदस्य मानवअधिकार तथा शान्तिसमाज नेपाल, आजिवन सदस्य गीतकार संघ नेपाल, आजिवन सदस्यव्यवस्थापन संघ नेपाल लगायतमा संलग्नता छन् । भौतिक सम्पत्ती नासवान ठान्ने उनी बौदिक सम्पत्तीलाई मात्र सम्पत्ती मान्छन् । भौतिक सम्पत्ती जति संकलन र संरक्षण गरे पनि त्यो निरर्थक हुन्छ । त्यसैले बौद्धिक सम्पत्ती नै सबैभन्दा उत्तम सम्पत्ती भएकाले आफू यसतर्फ आकर्षित भएको बताउँछन् । आख्यान विधाभन्दा गीत सहज लाग्ने उनी एक्लै बस्दा पनि गुन्गुनाइरहने गर्छन् तर फुरेको बेला मज्जाले लेख्ने गर्छन् । गीत छिटोछरितो मिठो लेखनी हो तर त्यसको प्रभाव चाहिँ चोटिलो हुन्छ । सहज भाव सम्प्रेषण गर्न गीतबाटै सहज त हुन्छ तर उपन्यास लेखनी पनि उनको रुचिभित्रपर्ने विषय हुन् । विश्वकीर्तिमानको सोच खासै नआएका उनमा निरन्तर लेखनी कायम रहेकै बेला उनको सातवटा एल्बममा ३६ वटा गीत एकै पटक रेकर्ड भएछ । यो विषय पत्रपत्रिकातिर हल्ला भयो यो सुनेर गिनिजबुक अफ वल्ड रेकर्डबाट उनलाई सम्पर्क गरे । यसपछि उनको यो प्रमाणपत्रको यात्रा सुरु भयो । घरभरी जतिपनी प्रमाणपत्र झुन्डिएका छन् तिनको श्रय नाम नबताउने सर्तमा गिनिजबुक अफ वल्ड रेकर्डका एक श्रेष्ठ थरलाई जाने बताउँछन् ।

हालसम्म उनले ५९ वटा कीर्तिमानी कायम गरीसकेका छन् । सबैभन्दा सानो गीतको पुस्तक २'२ इन्चको गीतिसंग्रह 'अनुभूतिको मझेरी' र व्यञ्जन वर्णका ३४ अक्षरबाट तयार गरिएको गीति कविता 'प्रेयसी'उनलाई नै मनपर्ने मध्येका पुस्तक हुन् । लेखनलाई नै निरन्तरता दिइरहेका उनी समसामयिक विषयमा लेखहरुपनि लेख्छन् र दैनिक पत्रपत्रिकातिर प्रकाशित गराउँछन् ।उनी तराईका स्थानीय भएको नाताले तराईका सबैजसो र पहाडका आधाआधि जिल्ला घुमीसकेका छन् । भारतका धेरै ठाउँ घुमिसकेका उनले विश्वका विभिन्न देशहरु घुमिसकेका छन् । उनको इच्छा अबको २ वर्ष भित्र १०० वटा विश्व रेकर्ड पु¥याउने रहेको र त्यसको लागी तयारी गरिरहेका छन् भने १० वटा विषय विश्वरेकर्डको लाइनमा लागिसकेको उपाध्याय बताउँछन् । उनको लक्ष्य भारतको सबैभन्दा प्रतिष्ठित पुरस्कार पद्मश्री चुम्ने इच्छा रहेको र यो प्राप्तिको सम्भाव्यहरूका सूचीमा अग्रपंक्तिमा भएको बताए । उनले नेपालका धेरैजसो पुरस्कारहरू पाइसकेका छन् भने कतीपय त राख्ने ठाउँको अभावले लिन नगएको बताउँछन् । उनको १२ औं औपन्यासिक कृति 'मेरी प्रिया' र १३ औं कृति 'भिलेन कोरोना' छपाइका क्रममा प्रेसमा गएको छ भने नयाँ-नयाँ अनेक प्रकारका कीर्तिमानीका लागी अनुसन्धान गरिरहेका छन् ।

उनले आफ्नो उपन्यास, गीत, गजल लगायतका साहित्यिक रचनाबाट पनि गिनिज बुक अर्फ वल्र्ड रेकर्ड, बुक अफ अमेरिका, अष्ट्रेलिया, लण्डन युकेलगायत विभिन्न देशबाट वल्र्ड रेकडको प्रमाणपत्र प्राप्त गरिसकेका छन् भने रेकर्डकै शिलसिलामा एभरेष्ट वल्र्ड रेकर्ड, स्टार वल्र्ड रेकर्ड, एक्सक्लुसिभ वल्र्ड रेकड, जिनस वल्र्ड रेकडजस्ता अनेकौं रेकर्डहरुको प्रमाणपत्रसमेत प्राप्त गरिसकेका छन् । यो सबै ४ वर्ष अवधिको सफलता हो । त्यस्तै उनले सात गीति एल्वमका ३६ वटा गीत एकैपटक सार्वजनिक गरेका छन् भने नारी एवं पुरुषले दुवैप्रति कस्तो माया, सम्मान, ख्याल, सुरक्षा र व्यवहार गर्नुपर्छ भन्ने एक एक लाइनको सामाजिक सन्देश प्रवाह गर्ने २८८ लाइनको गीत, एउटा शब्द केटा र अर्को शब्द केटीले गाएको शब्द शब्दको गीत, हुलाक टिकटमा प्रकाशित विशष्ट नेपाली व्यक्तिहरूको नाम कामबारे बनाइएको गीत, सांकेतिक भाषाको गीत, अक्षर अक्षरको गीत एउटा पुरुष र अर्को नारी स्वरमा तीनवटा सप्तकमा बनेको गीत, सगरमाथा हिमाल आरोहण गर्नेहरूको अत्यधिक नामबाट बनाइएको गीत, हालसम्म नेपालमा प्रकाशित भएका उपन्यासको नामबाट बनाइएको गीत, संसारको सबैभन्दा अग्लो चुचुरो सगरमाथा हिमाल शब्द धेरै पटक प्रयोग गरेर बनाइएको गीत, एउटा गीतमा धेरै थरीका रूख बोटबिरुवाको नाम प्रयोग गरिएको गीत, एउटा गीतमा धेरै पटक मुटु शब्द प्रयोग गरेर बनाइएको गीत, संसारका सबैभन्दा सानो आकारको गीति पुस्तक २ बाई २ इन्च, एउटै गीतको स्थायी र अन्तरा धेरै व्यक्तिले एकै पटक पढेको जस्ता विषयबाट उपाध्यायले वल्र्ड रेकर्ड राख्न सफल भएका विषयहरु हुन् । पछिल्लो समय थपिएका १९ रेकर्डमा उपाध्यायले १५० भन्दा बढी देशको पर्यटनस्थलको नाममा गीत तयार गरेर, सबैभन्दा छोटो १८ अक्षरको गीतसंगीत तयार गरेर, एकै दिनमा चारवटा गीत लेखी रेकर्ड गरेर रिलिज गरेर, १७५ देशका मुद्राहरूको नाममा गीत-संगीत तयार गरेर, 'क' देखि 'ज्ञ' सम्मका प्रत्येक वर्णको गीत लेखी कीर्तिमान रचेका छन् । यस्तै, ५५ वटा फरक-फरक फूलको नाममा गीत लेखी रेकर्ड गराएर, सबैभन्दा धेरै पटक 'आमा' तथा धेरै पटक 'बुबा' शब्द प्रयोग गरी गीत रेकर्ड गराएर, विश्वका १६४ प्रजातिका चराको नाम समेटेर गीत रेकर्ड गराएर साथै आफ्ना गीतहरू चिया पिउने सबैभन्दा बढी कपमा छापेर, सबैभन्दा बढी पोष्टकार्डमा छापेर, सकारात्मक सोचका फाइदा सम्बन्धी गीत तयार गरेर, ६० वर्ष नाघेका ११ जना गायक गायिकाको स्वरमा एकैपटक गीत रेकर्ड गराएर उपाध्यायले विश्व रेकर्ड राखेकाछन् भने उनी विश्वको १०औं स्थानका प्रमाणपत्रधारी हुन र यिनलाई राज्यले बुझ्नेहो भने उनका जतीपनि उपाधि छन राज्यले संरक्षण गर्न आवश्यक छ र गर्नुपर्छ उनले आफ्नो मात्र नभएर राज्यकै नाम उँचो बनाएको छ ।

यस्ता प्रतिभाली व्यक्तित्वलाई राज्यले चिन्न ढिला भैसकेको छ । यो एउटा राज्यलाई अबसर पनि हो । ढिला चिन्नुको कुनै अर्थ नहुनपनि सक्छ । त्यसैले बैलैमा राज्यको दायित्व निभाउन अग्रसर हुन जरुरी छ । साहित्यकार तथा साहित्यिक पत्रकार संघ अध्यक्ष राधेश्याम लेकाली राज्यले आफ्नो आसेपासेलाई मात्र च्यापेर पदक दिने व्यवस्था हट्नुपर्ने बताउँछन् । उनी भन्छन्, 'जतिपनि देशको लागि मरिमेटेका छन् तिनिहरुलाई राज्यले चिन्न सकेका छैनन् । देश मात्र हैन अन्तर्राष्ट्रिय छवि बनाइसकेका धर्मराज जस्ता व्यक्तित्व राज्यले नचिन्नु दुर्भाग्य हो ।' धर्मराज जस्ता कयौं मानिसहरु राज्यको आँखामा परेको छैन । यस्ता व्यक्तित्वको राज्यबाट कदर हुन जरुरी रहेको उनी बताउँछन् । यस्ता व्यक्तित्वहरुले पाएका सम्मान उनको परिवारले भन्दा राज्यले संरक्षण गर्न आवश्यक रहेको उनको भनाइ छ ।

संचारकर्मी तथा गीतकार नरेश भट्टराई डा.डि.आर उपाध्याय आफैँमा एक अलौकिक प्रतिभा रहेको बताउँछन् । उनी भन्छन्, 'उहाँको खोज तथा अनुसन्धान सुष्म तर बृहत छन् । नयाँ-नयाँ कुराको खोजीगर्न सक्ने यस्ता प्रतिभा जो राज्यलाई चिनाउन हरपल तल्लिन मात्र हैन दिलोज्यान लगाएर लागि परेका छन् । यस्ता विलक्षण प्रतिभा भएका मानिस विरलै पाइन्छन तर राज्यले यस्ता प्रतिभालाई संरक्षण गर्न जरुरी छ ।' उनले नेपाली गीत संगीत, साहित्यमा नौलो प्रयोग गरी ५९ वटा विश्व रेकर्ड राख्न सफल भएका छन् । सायद नेपालको सन्दर्भमा कसैका छैनन् । राज्यले मुल्यांकन गर्न सक्दैनन् जो राज्यको पदक भन्दा माथी छन् ।

**सूचना**
**प्रथम पटक प्रकाशित मिति २०७८/५/२६**
यस सा.व.स. बाट खयर काठ ९८५.५९ क्युफिट (स्यापउड सहित) बिक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ ।
**वराहकसेनी सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ- ३, तनहुँ**

# रौतहटमा राष्ट्रिय जनगणना २०७८ को पूर्ण कार्यतालिका सार्वजनिक

**इसत्याक अहमद/मध्यान्ह**
रौतहट, २५ भदौ

रौतहटमा राष्ट्रिय जनगणना २०७८ को पूर्ण कार्यतालिका स्वीकृत गरिएको छ । शुक्रबार जिल्ला जनगणनाका कार्यालय रौतहटले पत्रकार सम्मेलन गरी राष्ट्रिय जनगणना २०७८ को पूर्ण कार्यतालिका सार्वजनिक गरेको हो । गत सोमबार बसेको मन्त्रिपरिषद् बैठकले केन्द्रीय तथ्यांक विभागले प्रस्ताव गरेको राष्ट्रिय जनगणना २०७८ को कार्यतालिका स्वीकृत गरेको थियो ।

रौतहटका प्रमुख जिल्ला अधिकारी ईन्द्रदेव यादवको अध्यक्षतामा भएको पत्रकार सम्मेलनमा जिल्ला जनगणना अधिकारी देवनाथ यादवले जनगणनाको मूल गणना कात्तिक २५ देखि मंसिर ९ गतेसम्म हुने जानकारी दिए ।

केन्द्रीय तथ्यांक विभागको कार्यतालिका अनुसार भदौ २० देखि २६ गतेसम्म सुपरभाइजर भर्ना गर्ने भदौ २७ र २८ गते सुपरभाइजरलाई तालिम दिने र भदौ ३० देखि असोज १८ गतेसम्म सुपरभाइजर घरघरमा पुगेर सूचीकरणको काम गर्ने अधिकारी यादवले बताए । गणक भर्ना गरी कात्तिक १३ देखि १६ गतेसम्म तालिम दिने तथा उनीहरुको तालिमपछि मूल गणना कात्तिक २५ देखि मंसिर ९ गतेसम्म हुने यादवले बताए । जिल्लाको ५ स्थानीय तहमा राष्ट्रिय जनगणना २०७८ सफल बनाउने उदेश्यले स्थानीय जनगणना कार्यालय स्थापना गरिएको छ ।

## साउदीमा रोजगारको अवसर
१. कम्पनी: UMBRELLAS WORLD CO. LTD — शहर: Riyadh
पूर्व स्वीकृत मितिः २०७८/०५/२५ चलानी नं.: ६०१६२७५७ LT. No.: 245056

